मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक २७० | २०८३ साल भाद्र २० गते शनिबार | Saturday 05, September 2026 | सूर्योदयः बिहान ०५:४४ बजे | सूर्यास्तः साँझ ०६:२० बजे | पृष्ठ ४ | मूल्य रु. ५/-


## १,२९३ शव फेला

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण शुक्रबार दिउँसोसम्म एक हजार २ सय ९३ जनाको शव फेला परेको नेपाल प्रहरीले जनाएको छ । प्रहरीका अनुसार रसुवामा १ सय ४०, नुवाकोटमा १ सय ८६, धादिङमा ६५, चितवनमा ३ सय ५९, गोरखामा ७२, तनहुँमा ३८, नवलपरासी पूर्वमा २ सय २१ र नवलपरासी पश्चिममा १ सय ९४ जनाको शव फेला परेको छ।

यसैगरी भारतमा फेला परेका १८ शव नवलपरासी पश्चिममा बुझाइएको प्रहरीले जनाएको छ । हालसम्म ४ हजार ८ सय ९८ जना बेपत्ता रहेको र उनीहरूको खोजी भइरहेको छ । बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी तथा राहतका लागि ७ हजार ९ सय १२ प्रहरी परिचालन गरिएको छ । यस्तै, विभिन्न जिल्लाका होल्डिङ सेन्टरमा ३ हजार ६ सय ५५ जना राखिएका छन्। प्रहरीले शव पहिचानका लागि मृतक र आफन्त गरी २ हजार १ सय ६ जनाको डीएनए नमुना सङ्कलन गरेको जनाएको छ।

# दश दिनपछि सुरुङबाट जीवितै फर्किए सञ्जय, परिवार खुसी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवामा आएको विनाशकारी बाढीपछि सम्पर्कविहीन भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–४ का ३१ वर्षीय सञ्जयकुमार साह दशौं दिनमा जीवितै भेटिएपछि परिवारमा खुसीको लहर छाएको छ । त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र रहेका उनलाई नेपाली सेनासहितको उद्धार टोलीले सकुशल उद्धार गरेको हो।

गत भदौ १० गते आएको बाढीपछि सम्पर्कविहीन भएका सञ्जय नेपाल विद्युत् प्राधिकरणका चौथो तहका कर्मचारी हुन्। उनी त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनामा कार्यरत थिए । बाढीपछि उनको कुनै सम्पर्क हुन नसक्दा परिवार विगत दश दिनदेखि आशा र निराशाको दोसाँधमा बाँचिरहेको थियो।

सञ्जय जीवितै भेटिएको खबर पुग्नासाथ घरमा छाएको पीडा खुसीमा परिणत भएको परिवारजनले बताएका छन् । लामो समयसम्म उद्धारको कुनै स्पष्ट खबर नआउँदा आमा कपुरदेवी, श्रीमती लक्ष्मीलगायत परिवारका सदस्यहरू गहिरो चिन्तामा थिए। सञ्जयका जेठान देवकुमार साह उनलाई खोज्न घटनास्थलसम्म पुगेका थिए। सुरुङभित्र फसेको हुन सक्ने अनुमान भए पनि उद्धारमा समय लाग्दै जाँदा परिवारको चिन्ता बढ्दै गएको थियो।

उनका काका कुशेश्वर साहले सञ्जय सुरक्षित रहेको विश्वास सुरुदेखि नै भए पनि दिन बित्दै जाँदा निराशा बढ्न थालेको बताए।

'भतिज सञ्जय सुरक्षित नै छन् भन्ने आशा थियो । तर दिन बित्दै जाँदा सुरुङबाट उद्धारमा ढिलाइ हुँदा निराशा बढ्दै गएको थियो,' उनले भने । सञ्जय नौ दिनपछि जीवितै भेटिनुले सुरुङभित्र सम्पर्कविहीन रहेका अन्य व्यक्तिहरू पनि सकुशल हुन सक्ने आशा बढाएको परिवारको भनाइ छ।

उनकी बहिनी सुधाले दाइ सम्पर्कविहीन भएपछि घरमा एक प्रकारको शोकको वातावरण बनेको बताइन् । दश दिनसम्म परिवारका सदस्यहरू सञ्चारमाध्यम, सामाजिक सञ्जाल र उद्धारसम्बन्धी जानकारी हेर्दै सञ्जयको अवस्थाबारे खबर पर्खिरहेका थिए।

'दाइ सम्पर्कविहीन भएपछि आमा, बुबा र भाउजू सबै निकै चिन्तित हुनुहुन्थ्यो । उहाँ बाँच्नुभएको होला भन्ने आशा हुँदाहुँदै पनि दिन बित्दै जाँदा हामी निराश हुन थालेका थियौँ,' सुधाले भनिन्, 'तर दाइ सुरुङभित्र सुरक्षित हुनुहुन्छ र उद्धार भएपछि सकुशल बाहिर आउनुहुन्छ भन्ने विश्वास मनमा थियो। आज त्यो विश्वास यथार्थ बनेको छ। भगवानले हाम्रो परिवारको खुसी फर्काइदिनुभयो।'

उनले सञ्जयको सकुशल उद्धारले अन्य सम्पर्कविहीन व्यक्तिका परिवारमा पनि नयाँ आशा जगाएको बताइन्।

'मेरो दाइजस्तै अन्य सम्पर्कविहीनहरू पनि सुरक्षित भेटिऊन् भन्ने भगवानसँग प्रार्थना गर्छु,' उनले भनिन्।

काका कुशेश्वरले पनि सबै सम्पर्कविहीन व्यक्तिहरू सञ्जयकै जस्तै सकुशल घर फर्किन सकून् भन्ने कामना गरे।

सञ्जय सुरक्षित भेटिएको खबरपछि उनका बुबा रामफल साह, आमा कपुरदेवीसहित परिवारका सदस्य काठमाडौं जाने तयारीमा छन् । सञ्जय सम्पर्कविहीन हुँदा उनकी श्रीमती लक्ष्मीलाई सम्हाल्न परिवारलाई निकै कठिन भएको थियो । लक्ष्मी हाल माइतमा छिन् । सञ्जयकी अढाई वर्षकी छोरीसमेत छिन् ।बहिनी सुधाका अनुसार बाढी आउनुअघि भदौ १० गते बिहान करिब ७ बजे सञ्जयले परिवारसँग अन्तिम पटक फोनमा कुरा गरेका थिए। त्यसपछि आएको बाढीपछि उनको मोबाइलमा सम्पर्क हुन सकेन।

त्यसयता परिवारले उनको मोबाइलमा पटक–पटक फोन गर्ने, सम्पर्कमा आएका व्यक्तिहरूको सूची हेर्ने र सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत उद्धारसम्बन्धी जानकारी पछ्याउँदै दिन बिताएको थियो।

नौ दिनसम्म अनिश्चिततामा बिताएको परिवारका लागि सञ्जयको जीवित उद्धार कुनै चमत्कारभन्दा कम नभएको छ। उनको सकुशल भेटिनुले रसुवाको बाढीपछि अझै सम्पर्कविहीन रहेका अन्य व्यक्तिहरू पनि सुरक्षित हुन सक्ने आशा बलियो बनाएको छ। सञ्जय दुई दाजुभाइमध्ये जेठा हुन् भने उनका कान्छा भाइ सञ्जीव साह हुन्।

# 'मेरो सिन्दुर फर्काइदिनुस् सरकार'



**मधेशदृष्टि**
**जनकपुरधाम।**
'मेरो सरलाई जसरी पनि फर्काइदिनुस्, मेरो सिन्दुर फर्काइदिनुस्। सरकारले चाहेको भए उहाँहरू यतिन्जेल उद्धार भइसक्नुहुन्थ्यो होला।'

डेढ वर्षीया छोरीलाई काखमा र छ महिनाको गर्भ बोकेकी महोत्तरीको पिपरा गाउँपालिका–३ की इन्द्रा अधिकारीका यी शब्दसँगै आँसु पनि रोकिँदैनन् । रसुवामा आएको विनाशकारी बाढीपछि त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका उनका श्रीमान् इन्जिनियर विकासकुमार यादवको अवस्था अझै अज्ञात छ।

भदौ १० गते आएको प्रलयकारी बाढीपछि सुरुङभित्र रहेका विकाससहितका व्यक्तिहरूसँग सम्पर्क टुटेको थियो । दश दिन बितिसक्दा पनि श्रीमान्को कुनै ठोस खबर नपाउँदा इन्द्रा आशा र निराशाबीच छटपटाइरहेकी छन्।

'बालेन सरकारले चाहेको भए चार दिनमै मेरा सरसहित सबैलाई बाहिर

*बाँकी पृष्ठ ३ मा*

## भाइ पनि पुगे रसुवा

दाजुको खोजीका लागि विकासका कान्छा भाइ शुभाष रसुवासम्म पुगेका थिए । तर सुरक्षाको कारण देखाउँदै नेपाली सेनाले उनलाई सुरुङसम्म जान नदिएको परिवारले जनाएको छ। शुभाषले दाजुको मोबाइलको लोकेसन सुरुङ क्षेत्रमै देखिएको दाबी गरेको परिवारजनको भनाइ छ । यद्यपि यसको आधिकारिक पुष्टि हुन बाँकी छ । केही दिनअघि मात्रै विकासले इन्जिनियरिङमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका थिए। परिवारले उनको खोजी तथा उद्धारलाई प्राथमिकता दिन सरकारसँग आग्रह गरिरहेको छ।

हाल विकासको घरमा शुभेच्छुक, आफन्त र स्थानीयको आवतजावत बढेको छ । तर परिवारजनले आफूहरूलाई ढाडस दिनसमेत सम्बन्धित प्रशासनिक निकायबाट कोही नआएको गुनासो गरेका छन्। जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार जिल्लाका १० जना व्यक्ति अझै सम्पर्कविहीन छन्।

# गुठीअन्तर्गतका पोखरीमा अतिक्रमणः हटाउन सात दिने अल्टिमेटम




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाभित्र राजगुठीअन्तर्गत रहेका विभिन्न पोखरी तथा तिनका डिलमा भएको अतिक्रमण हटाउन गुठी संस्थानले सात दिनको समयसीमा दिएको छ।

गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै राजगुठीअन्तर्गतका पोखरी र पोखरीका डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन गरिरहेको जनाएको छ।

संस्थानका अनुसार देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड लगायतका पोखरी तथा तिनका डिलमा अतिक्रमण भएको पाइएको छ।

शुक्रबार प्रकाशित सूचनामार्फत गुठी संस्थानले सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत रूपमा निर्माण गरिएका संरचना हटाई अतिक्रमण खाली गर्न निर्देशन दिएको छ।

निर्धारित समयसीमाभित्र अतिक्रमण नहटाएमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत संस्थानले दिएको छ।

गुठी संस्थानले गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ कार्यान्वयन समितिको निर्णय का आधारमा उक्त सूचना जारी गरिएको जनाएको छ।

तर, सूचना जारी भएपछि वास्तविक रूपमा अतिक्रमण हटाउने काम कति प्रभावकारी ढंगले अघि बढ्छ भन्ने विषय भने चासोको विषय बनेको छ।

जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरीहरूको संरक्षणका लागि यसपटकको सूचना केवल औपचारिकतामा सीमित हुन्छ वा प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्नेमा सबैको नजर रहनेछ।




## सम्पादकीय

# आशाको पुनःजागरण र सरकारको दायित्व

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि छाएको निराशा र शोकका बीच १० दिनसम्म सुरुङभित्र फसेका श्रमिकहरूको जीवितै उद्धार हुनु एक अभूतपूर्व चमत्कार र राहतको खबर हो। प्राकृतिक विपत्तिको भीषणतासामु मानव धैर्य, साहस र अत्याधुनिक उद्धार टोलीको निरन्तर प्रयासले अन्ततः मृत्युलाई जितेको छ । अकल्पनीय परिस्थितिमा पनि आशामार्न नदिई अहोरात्र खटिने उद्धारकर्ताहरू र धैर्यधारण गर्ने पीडितहरूको आत्मबल नै यो सफलताको मुख्य आधार बनेको छ।

लामो समयसम्म सम्पर्कविहीन भएका आफ्ना सन्तान र अभिभावकलाई जीवितै भेट्न पाउँदा शोकाकुल परिवारहरूमा छाएको खुशी वर्णनतीत छ। 'आफ्नो छोरो अब फर्कँदैन' भन्ने अन्तिम निराशामा पुगिसकेका बाबुआमाका आँखामा फर्किएको यो मुस्कानले सिङ्गो देशलाई नै भावुक र हर्षित बनाएको छ । भोटेकोशीको बाढीले निम्त्याएको अपार जनधनको क्षति र त्रासदीबीच यो समाचारले सम्पूर्ण देशवासीमा नयाँ आशा र खुशीको सञ्चार गराएको छ।

यस जटिल र जोखिमपूर्ण उद्धार कार्यलाई सफलतामा पु¥याएर सरकार तथा राष्ट्रिय सुरक्षा निकायहरूले आफ्नो तत्परता र क्षमताको बलियो प्रमाण पेस गरेका छन्। चौबीसै घण्टा खटिएर असम्भवप्रायः मानिएको उद्धारलाई सम्भव तुल्याउनु राज्यको एउटा ठूलो सफलता हो। यस कार्यले संकटको घडीमा राज्य आफ्ना नागरिकको रक्षाका लागि अभिभावक बनेर खडा हुन्छ भन्ने विश्वासलाई पुनर्जाग्रित गराएको छ।

यद्यपि, जीवितै उद्धार गरिएका व्यक्तिहरूको शारीरिक र मानसिक स्वास्थ्य अवस्थालाई सामान्य बनाउनु अबको प्राथमिक चुनौती हो। लामो समयसम्म अँध्यारो र प्रतिकूल वातावरणमा फसेका कारण उनीहरूमा पर्न गएको शारीरिक तथा मनोवैज्ञानिक असरको दीर्घकालीन उपचार र पुनस्थापनामा सरकारले कुनै कसर बाँकी राख्नु हुँदैन। साथै, बाढीका कारण घरबारविहीन भएका अन्य प्रभावितहरूको राहत र पुनर्वासमा पनि राज्यको उस्तै सक्रियता आवश्यक छ।

अन्ततः, यो सुखद घटनाले हामीलाई विपद् व्यवस्थापन र जलविद्युत् वा पूर्वाधार निर्माणका क्षेत्रमा अपनाउनुपर्ने सुरक्षा मापदण्डहरूबारे गम्भीर समीक्षा गर्ने अवसर पनि दिएको छ।
भावी दिनहरूमा यस्ता सुरुङ वा जोखिमपूर्ण आयोजनाहरूमा आपत्कालीन उद्धारका वैकल्पिक मार्ग र प्रविधिलाई अझ सुदृढ बनाइनुपर्छ। बाढीको शोकबीच प्रादुर्भाव भएको यो खुशीलाई कायम राख्दै सरकारले सुरक्षित र विपद्–प्रतिरोधी पूर्वाधार निर्माणको दिशामा ठोस कदम चालोस्।

# हराउँदै गौरा पर्वको मौलिकता

**महादेव अवस्थी/रासस**

समयको गतिसँगै पछिल्लो समय सुदूरपश्चिमको मुख्य पर्व मानिने गौराको मौलिकता हराउँदै जान थालेको छ । एक दशकअघिसम्म बिरुडा पञ्चमीका दिन गाउँघरका सबै महिला सामूहिक रुपमा भेला भएर एकै स्थानमा बिरुडा भिजाउने गर्थे। गौरा पर्व मनाउने छुट्टै घर(गौराघर) हुन्थ्यो एउटै आँगनमा गाउँभरिका महिला भेला भएर विधिवत रुपमा गौरा पर्व मनाउने चलन थियो। तर पछिल्लो समय सामूहिक रुपमा मनाउने गौरा छुट्टाछुट्टै मनाउन थालिएको छ।

'पहिला हामी सामूहिक रुपमा एउटै ठाउँमा गौरा मनाउथ्याँ◌ै, बिरुडा भिजाएको दिनदेखि गौरा समापन सम्मका सबै कार्यक्रम एकै स्थानमा हुन्थ्यो,' कञ्चनपुरको बेदकोट नगरपालिका–७ का स्थानीय गोमती भट्टले भने, 'अहिले घरघरमा बिरुडा राखिन्छ पहिला एउटै घरमा गाउँभरि सबैका बिरुडा भिजाइन्थ्यो।' गाउँभरिको मानिस एउटै स्थानमा भेला भएर उत्साहका साथ मनाउने गौरा अहिले सानोसानो समूहमा छुट्टाछुट्टै मनाउन थालिएको उनको भनाइ छ।

गौरा मनाउने चलन मात्रै होइन, गौरामा गाईन फाग सगुनसमेत लोप हुन थालेको प्रति यहाँका पाका पुस्ताले चिन्ता व्यक्त गरेका छन। गौरामा गाइने फागहरु लयमा गाउन जान्ने मानिससमेत सीमित हुँदा यसको महिमा विस्तारै हराउँदै जानेमा व्रतालु रतनादेवी भट्ट चिन्ता व्यक्त गर्छिन् । 'हामी बाँचुञ्जेलसम्म त यसले निरन्तरता पाउला, हामी पछिका सन्ततिले यसको महत्व नै बुझेका छैनन्,' उनी भन्छिन् । अहिलेका पुस्तामा परम्परागत पर्वकाबारेमा जान्ने इच्छा नै नभएको उनी बताउँछिन्।

गौरा पर्वको आफ्नै गरिमा र महिमा छ । गौरा महिलाले ब्रत बस्ने, दुबधागो लगाउनेसँग सम्बन्धित छ । अहिलेको पुस्ताले भने गौराको महत्वप्रति ख्यालै नगरी केबल रमाइलोका लागि मात्रै गौरा मनाउने गरेको यहाँको संस्कृतिका जानकार शिवदत्त जोशीले बताए।
गौरा पर्व वैदिक र पौराणिक पर्व भएकाले यो पर्व मनाउने निश्चित विधि र पद्दति रहेको उनको भनाइ छ। 'गौरा पर्व मनाउने निश्चित विधि र प्रक्रिया छ, त्यहीअनुसार मनाउनुपर्छ,' उनले भने, 'अहिले त गौरा पर्व भनेर देउडा खेल्छन् देउडा र गौरामा फरक हुन्।' गौरा पर्वसँग जोडिएको ढुस्का, धुमारी, राम लीला र श्रीकृष्ण लीला गायनको पनि छुट्टै विशेषता रहेको उनले बताए। अहिलेको पुस्ताले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको गौरा पर्वको गरिमाको ख्याल गर्नुपर्ने उनको भनाइ छ।

सुदूरपश्चिममा गौरा पर्वको बिरुडो, दसैँको जमरा र तिहारको चिउरालाई सुदूरपश्चिमवासीको आस्थाको धरोहरका रुपमा लिइन्छ। यी तीन पर्व विशेष महत्वका साथ मनाउने गरिन्छ । त्यसमा पनि गौरा पर्व सुदूरपश्चिममेलीको महान पर्व हो। यस क्षेत्रमा गौराको बिरुडा र दसैँको जमरा जसरी पनि प्रसादका रुपमा ग्रहण गर्नैपर्ने मान्यता रहेको छ।

साउनको पुत्रदा एकादशीपछि सुदूरपश्चिमका गाउँबस्ती गुल्जार हुन थाल्छन् । परदेशी घर फर्किनेक्रम सुरु हुन्छ। गौरा पर्वका लागि पूजाका सामग्री जुटाउनेदेखि परिवारका सदस्यहरुका लागि नयाँ लुगा किन्ने परम्परा अझै छ । गौरादेवीको व्रत बस्ने महिलाले पुत्रदा एकादशीको व्रत अनिवार्य हो।
प्राचीनकालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रुपमा भगवान शिवकी अर्धाङ्गिनी शक्तिस्वरुपा पार्वती (गौरी) लाई गौरा देवीका रुपमा पूजा अर्चना गरिँदै आएको यहाँको लोकसंस्कृतिका जानकारहरु बताउँछन् । तिनै शिवगौरीको स्थानीय लोकरीतिअनुसार पूजाअर्चना गरिने पर्व नै गौरा पर्व हो।

गौरा पर्व अगस्ति ताराको उदयका हिसाबले शुक्ल या कृष्ण दुवै पक्षमा पर्ने संस्कृतिका जानकार पण्डित कविराज भट्ट बताउँछन्। उनका अनुसार शुक्ल पक्षमा परेको गौरालाई 'उज्याली' गौरा भनिन्छ भने कृष्ण पक्षमा परेको गौरालाई अन्यारी 'गौरा' भनिन्छ । यी दुवै गौरालाई अति पवित्र मानिए पनि उज्याली गौरालाई विशेष महत्वका साथ हेर्ने गर्दछन्।

गौरा विशेष गरेर यस क्षेत्रका नारीहरुले उपासना गर्ने पर्व हो । विवाहित नारीहरुले आफ्नो कुलपरम्पराअनुसार पुरुषहरुजस्तै यज्ञोपवितका रुपमा दुबधागो लाउने प्रचलन रहेको छ । पहिलोचोटी दुवधागो लगाउनका लागि उजेली गौरा परेको पर्व सर्वप्रथम पुत्रदा एकादशीको व्रत बसेपछि मात्र गौराको उपासना गर्न मिल्ने पं भट्टको भनाइ छ। उनका अनुसार पुत्रदा एकादशीको व्रत बसिसकेपछि भाद्र महिनाको बिरुडा पञ्चमीदेखि यो व्रतको सुरुआत हुन्छ।

एक महिना अगाडिदेखि नै शुद्ध शाकाहार र बह्मचर्यको पालना गरी बिरुडा पञ्चमीको दिन महिलाले मास, कलौँ, गहत, गहुँ र गुरुस मिलाएर तामाको भाडामा भिजाउने गरिन्छ। पाँचप्रकारका अन्न मास, कलौँ, गहत, गहुँ र गुरुस मिसाएर तामाको भाँडोमा बिरुडा भिजाइन्छ । बिरुडा भिजाउने बेला महिलाले माङ्गलिक फाग गाउने गर्दछन्। 'यसरी विधिपूर्वक भिजाएको बिरुडालाई षष्टिका दिन न्वाला वा धारामा गइ धुने गरिन्छ,' भट्टले भने, 'त्यस दिन न्वाला वा धारामा पनि साँवाधानको गौराको मूर्ति बनाई बिरुडाले पूजा गरेपछि धोएका बिरुडालाई घरमा ल्याएर राखिन्छ।'

सप्तमी तिथिका दिन गौरा आउने दिनका रुपमा विशेष प्रकारले पूजाअर्चना गर्ने गरिन्छ। यो दिनमा महिला दिनभर व्रत बस्दछन्। साँझपख साँवाधान, कुर्जो, अन्य फूलपाती आदिलाई रातो वस्त्र अथवा घुम्टीमा बेरेर गौराको मूर्ति बनाउने गरिन्छ। गौराको मूर्तिलाई निगाला वा तामाबाट बनेको डालोमा राख्ने गरिन्छ । एउटा काठको पिर्कोमा पहेलो कपडा बेरेर गौरासँगै महेश्वरलाई पनि राख्ने गरिन्छ।

एउटा निश्चित घरमा गौरा ल्याइसकेपछि साँझ ब्राह्मण बोलाई विधिपूर्वक गौराको पूजा गर्ने गरिन्छ। यो दिन महिलाले कुण्ड नुहाउने प्रचलन पनि रहेको जानकी अवस्थी बताउँछन् । 'यो पहिलो चोटी गौरा उपासना गर्ने नारीका लागि अनिवार्य हुन्छ,' उनले भने, 'गाईको गोबरबाट दुई वटा कुण्ड निर्माण गरी त्यसमा गाईको गहुँत र दूध छुट्टाछुट्टै राखेर दुबोको सहायताले शास्त्रोक्त विधिअनुसार कुण्ड नुहाउने गरिन्छ।'

त्यस दिन धागोमा विशेष किसिमका सात गाँठा पारेर बनाइएको सप्तमीलाई अभिषेक गरी महिलाले घाँटीमा लगाउने गर्दछन्। अष्ठमीका दिन गौराको मुख्य दिन हो। यस दिन व्रतालु महिलाले गोरा महेश्वर स्थापना गरिसकेपछि अठ्यावाली गायनसँगै बिरुडाले गौराको पूजा अर्चना गर्दछन्। 'अठ्यावालीमा गौराको जन्मदेखि विवाह पछिसम्मका कथाहरु आउँछन्। यसमा गौरीको जीवनका विभिन्न घटनाको वर्णन गरिन्छ,' अवस्थीले भने, 'अठ्यावाली सकिएपछि महिलाले धर्मकथा वाचन तथा श्रवण गर्छन्।'

दिनभरि अठ्यावाली गाउँदै पूजा गरेका बिरुडा फूलप्रसाद र फलहरु एउटा च्यादरमा हाली दुई पुरुषको सहायताले पाँचपटक आकाशमा फाल्ने गरिन्छ। यसरी आकाशमा फाल्दा पहिलो पटक पूर्व दोस्रो पश्चिम, तेस्रो उत्तर, चौथो दक्षिण र अन्त्यमा सिधा आकासतिर फालिन्छ । आकाशतिर फालेका बिरुडा प्रसादलाई आकाशबाटै ग्रहण गर्ने र अन्य बिरुडामा मिसाएर टाउको पुज्ने प्रचलन रहिआएको छ।

त्यसपछि दुबधागो लगाउँछन् दुबधागो भनेको महिलाको यज्ञोपवित हो। दुबधागोमा दुई पाला हुने गर्दछन्। यसमा रहेका रातो, पहेलो र कालो रङलाई क्रमशः महालक्ष्मी, महासरस्वती र महाकालीको प्रतीकका रुपमा मान्ने गरिन्छ। यस क्षेत्रका नारीहरु यस दिन सर्वप्रथम आफ्नो श्रीमान र त्यसपछि घरपरिवार तथा अन्य गाउँका नातासम्बन्धका व्यक्तिहरुको टाउको पुज्ने गरिन्छ । यस अवसरमा नारीहरुले आफूभन्दा नातामा ठूला रहेका पुरुषलाई समेत आशिर्वाद दिने गर्छन्।

बिरुडालाई प्रसादका रुपमा ग्रहण गरी मिष्ठान्न भोजनका रुपमा स्थानीय परम्परागत परिकारका पकाएर खाने गरिन्छ। त्यसपछिका दुई–तीन दिन लगातार रुपमा स्थानीय देवीदेवताका मन्दिरहरुमा पुरुषहरुले ढोलक र मिजुराका साथ ढुस्को, धमारी, चैत तथा डेउडा खेल खेल्ने प्रचलन छ।

विशेषगरी रामायण तथा महाभारतकालीन कथावस्तुमा आधारित ढुष्को धमारी चैत तथा स्थानीय देवीदेवता तथा इतिहास प्रसिद्ध गाथाहरु समूहमा खेलिने गरिन्छ । नृत्यगेयात्मक रुपमा खेलिने यो खेलमा मौलिक कलाको प्रस्तुति हुने गर्दछ । यस अवसरमा विभिन्न देवीदेवताका मन्दिरमा जात्रा लाग्ने चलन पनि रहेको छ।

गौरा पर्वमा सुरुआतदेखि अन्त्यसम्म नारीको भूमिका हुने साहित्यकार जगदीश ओझा बताउँछन् । यसमा पुरुष सहयोगीका रुपमा मात्रै हुन्छन् । 'गौरा पर्वमा धार्मिक र सांस्कृतिक काम सुरुदेखि अन्त्यसम्म महिलाले नै गर्दछन्,' ओझाले भने, 'गौरा पर्व नारी सम्मानको पर्व हो यसमा महिलाले आफूभन्दा ठूलो मान्छेलाई पनि प्रसाद दिएर आशिर्वाद दिने परम्परा छ ।' घरपरिवारको जिम्मेवारीमा व्यस्त रहने महिलाका लागि गौरा सुखदुःख साट्ने आफन्त र साथीभाइसँग भेटघाट गर्ने अवसरका रुपमा पनि लिने गरिन्छ।

गौराको पूजा अर्चनाले विशेषगरी श्रीमान् तथा घरपरिवारका सदस्यहरु निरोगी, दीर्घायु हुने, परिवारमा सुख समृद्धि हुने जनविश्वास रहेको पाइन्छ । विवाहित तथा दुबधागो लगाइसकेकी नारीहरुलाई प्रत्येक वर्ष गौराको उपासना अनिवार्य मानिन्छ । नारीहरुलाई विशेष सम्मानका साथ मनाइने यो पर्वको धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, पौराणिक, ऐतिहासिक महत्वलाई भविष्यमा पनि जोगाइराख्नुपर्ने देखिन्छ।

# अस्पतालमा बेपत्ता तस्बिर हेर्दै टोलिइरहेका आँखा

**मधु शाही/रासस**

अस्पतालको भित्ता हराएका व्यक्तिहरुको तस्बिरले भरिएको छ। कोही आफन्तको तस्बिर बोकेर हिंडिरहेका छन्, कोही उद्धार गरेर ल्याइएका व्यक्तिहरूको विवरण खोजिरहेका छन् । कसैको आखाँमा आशा छ भने कसैको मुहारमा थकान । तर, सबैको साझा खोज छ, बेपत्ता भएका आफन्तको खबर पाउने।

माथिको शब्द दृश्य महाराजगन्जस्थित टिचिङ अस्पतालको हो । भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरुका आफन्तजन खोजी गर्दै अस्पतालको परिसरमा दौडधुप गरिरहेका छन्। त्यही खोजीको भीडमा थिए, रामेछापका रामहरि मानन्धर । बुधबार अस्पतालमा बाढीमा बेपत्ता हुनुभएका दिदी पार्वती मानन्धरको तस्बिर बोकेर उन अस्पताल परिसरमा यताउता गरिरहेका थिए।

बाढीपछि रसुवागढीस्थित अध्यागमन कार्यालयमा कार्यरत खरिदार पार्वतीले सम्पर्कविहीन हुनुभएको उनले जानकारी दिए। रामहरि र आमा चन्द्रकुमारी शिक्षण अस्पतालमा हरेक दिन धाउँछन्। दिदीको फोटो देखाउँदै अस्पतालमा रहेको सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग सोधिरहन्छन्, 'मेरो दिदी भेटिनुभयो कि?'

रामहरिका लागि पार्वती दिदीसँगै घर खर्च धान्ने दरिलो खम्बा हो। 'पहिला पढाइ पूरा गर्नु अनि जागीर खोज्नु,' भन्दै दिदीले शिक्षामा दिनुभएको प्राथमिकता रामहरि अहिले झलझली सम्झिन्छन्। रामहरिका अनुसार घरको आर्थिक स्थिति कमजोर भएका कारण कान्छो भाइ एइई सकेर क्याम्पस भर्ना गर्न बाँकी थियो । यसै महिना कान्छो भाइको पनि क्याम्पस भर्ना गर्ने भन्दै दिदी पार्वतीले बताउनुभएको थियो। तर, अहिले भने बेपत्ता दिदी कहाँ र कस्तो अवस्थामा छन ? बेखर रहेको रामहरिले बताए।

पार्वतीकी आमा चन्द्रकुमारीलाई छोरी भेटिने आशा छ। सानैदेखि सङ्घर्ष गरेर सरकारी जागीर खाएकी २२ वर्षे पार्वतीको आँटिलो स्वभावले जसरी पनि भेटिने आमा चन्द्रकुमारीको अन्तर मनको भरोसा छ । उनका अनुसार जस्तोसुकै अवस्थामा भए पनि छोरी भेटिन्छे भन्ने लागेको छ। छोराछोरी हुर्काउन र पढाउन चन्द्रकलाले निकै सङ्घर्ष गरेको बताउँछिन् । छोरी पार्वतीलाई मात्रै पढाउन उनले श्रीमान्सँग धेरै पटक विवाद गर्नु परेको सुनाइन् । 'श्रीमान्ले छोरी नपढाए हुन्छ भन्नुहुन्थ्यो,' उनले भने, 'इँटाभट्टामा मजदुरी गरेर भए पनि छोरी पढाए, हुर्काए। अहिले कहाँ खोज्न जाउँ।'

पार्वतीले गत वैशाखमा खरिदारमा नाम निकालेपछि चन्द्रकुमारीका आँखामा हेर्दै 'अब हाम्रा सुखका दिन आए आमा' भन्दै खुसी क्षण साटेको सम्झिन्छन्। छोरी पार्वतीले भनेजस्तै चन्द्रकुमारीको जीवन दुःखबाट सुखतिर मोडिदै थियो। उनको यो खुसी भदौ १० गतेदेखि धमिलिएको छ। उनी भन्छिन्, 'छोरी हराएसँगै घरको आड भरोसा नै हरायो।'

रसुवाका ५८ वर्षे फुर्पु तामाङले छोरा बुहारी, दुई नातिनी र एक नाति गरी परिवारका पाँच सदस्य बेपत्तामा छन्। पहाडमा भएको पुर्खाको घर छोडेर तल्लो भाग स्याफ्रुबेंसीमा बस्दै आएका थिए। फुर्पु र उनको श्रीमती रसुवाको माथिल्लो पहाडी भेगमा बस्छन्। बाढी आइरहँदा फुर्पुले कालोमुस्लोसहित भेल आएको देखे। उर्लिदै आएको मुस्लो देखेर छोरा, बुहारीलाई फोन सम्पर्क गर्न खोजे। तर, फोन सम्पर्क हुन सकेन। फुर्पु भन्छन्, 'एक जना मात्रै भेटिए पनि हुन्थ्यो । मेरो त बुढेसकालको साहारा नै हरायो।'

गाउँ नै बगाएकाले छोरा, बुहारीको खबर सोध्ने छिमेकी कोही छैनन् । उनले कसलाई कहाँ गएर खोज्ने भन्ने अन्योलमा रहेको बताए। खोज्ने थलो अस्पतालबाहेक अरु कतै नदेखेपछि उन हरेक दिन अस्पताल आउने गरेको सुनाए। श्रीमतीलाई छोरा आउँछ भन्दै आश्वासन दिइरहेको उनले सुनाए । मुटुको रोगी श्रीमतीको स्वास्थ्य बिग्रिने हुँदा झुटो बोल्न उनी बाध्य छन्। 'निर्धक्क रुन पनि सक्दिन । म नै कमजोर भए भने श्रीमतीलाई कसले समाल्छ ?,' उनले भने, 'मन भारी बनाएर हराएको छोरो खोजिरहेको छु।'

भोटेकोशी नदीमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरुका आफन्तजन खोज्दै अस्पताल आउने संख्या बढ्दै गएको छ। हराएका परिवारको सदस्य र आफन्त खोज्दै विदेशमा रहेका आफन्तसमेत नेपाल आएका छन्।

सिन्धुपाल्चोक हेलम्बु–४ का बक्सिङ तामाङले भोटेकोशी नदीमा आएको बाढीमा सम्पर्कविहीन भएका भाई सुनबहादुर तामाङलाई खोज्दै नेपाल आए। उनका अनुसार बाढी आएको चार दिनसम्म जापानमै सामाजिक सञ्जालमार्फत भाइ खोजिदिन अपिल गरेको भए पनि त्यसले कुनै प्रभाव नपरेपछि आफैँ नेपाल आएको बताए।

अहिले महाराजगञ्जस्थित शिक्षण अस्पतालको परिसरमा बेपत्ता भएका भाइ सुनबहादुरको तस्बिर देखाउँदै खोजिदिन अपिल गरिरहेका छन्। उनले भने, 'जापानबाट आएको भोलिपल्टै भाइ खोज्दै बाढी प्रभावित क्षेत्र त्रिशूली पुगे । त्यहाँ पनि भेटिन । अहिले अस्पतालमा धाइरहेको छु।' बक्सिङका अनुसार सुनबहादुर रसुवाको जलविद्युत् आयोजनामा खाना पकाउने काम गर्थे। भाइसँगै काम गरेर सबै साथीहरु घर फर्किएको सुनाउँदै बक्सिङले आफ्नो भाइ पनि भेटिने आशा राखेको सुनाए।

रसुवा टिमुरेबाट बेपत्ता हुनुभएका खोटाङ घर भएका दोर्ची शेर्पालाई उनको भतिजी सपना शेर्पा खोजी गर्दै काठमाडौँका अस्पतालमा चाहारेका छन् । कामको सिलसिलमा रसुवा बस्दै आएका काकाकाकी र दुई छोराछोरी वेपत्ता भएको उनले सुनाए । जसमध्ये, काकी भने कतै भेटिएको भन्ने खबर सुन्नमा आएको उनले बताए। तर, कहाँ भेटिएको भन्ने अहिलेसम्म सम्पर्कमा नआएको सपनाले सुनाइन् । काकी भेटिएको खबरले एकातिर खुसी दिएको छ भने अर्कोतिर काका र ससाना भाइबहिनीको बेखरले निराशा बनाएको छ । सपना भन्छिन्, 'काकी भेटिनुभएको सुनेर मनमा आशा पलाएको छ।'

सिन्धुपाल्चोक, बेँसी नगरपालिका–१२ का रुपेश श्रेष्ठका ससुरा बा र मामाको छोरा खोज्दै हरेक दिन शिक्षण अस्पताल धाउँछन्। सवारी चालक काम गर्ने ससुरा बा र मामाको छोरा खोज्न रुपेश चितवनदेखि काठमाडाँ◌ैका विभिन्न अस्पतालमा गएका छन् । 'आफन्तको सहयोगमा हेलिकप्टरको प्रयोग गरी चितवनसम्म खोज्न पुग्यौँ। तर, कुनै पत्तो लागेन,' उनले भने, 'अस्पतालमा आउँछौँ, खोज्छौँ फर्किन्छौँ । दैनिकी यसरी बितेको छ ।' आफन्त खोज्न उनीहरु हरेक दिन हातमा बेपत्ता आफन्तजनको तस्बिर बोकेर सैनिक अस्पताल, मनमोहन अस्पताल, नर्भिक अस्पताल, ट्रमा अस्पतालदेखि शिक्षण अस्पतालमा निरन्तर सम्पर्क गरिरहेका छन् । बिहानदेखि बेलुका ७–८ बजे अस्पतालमै बित्ने गरेको उनले सुनाए। चिनजानमा रहेका साथीहरु सबै बाढीमा बेपत्ता भएको उनले बताए।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका–८ का यमबहादुरका छोरा सौगात गिरी बेपत्ता छन् । वसन्त भनेर चिनिने उन टिमुरेमा मालवाहक ढुवानी चलाउने काम गर्दै आएका थिए । टिमुरेमा बाढीसँगै बेपत्ता भएको उनले अन्तिमपटक बुहारीसँग भदौ १० गते ८.३० बजे कुराकानी भएको यमबहादुर बताउँछन्। छोरोको साथीले बीचबाटै टिमुरेमा सवारी लिएर जान भनेपछि उतै गएको खबर मात्रै उनले पाएका छन्।

त्यस खबरपछि छोरो बेखबर भएको चिन्ताले यमबहादुरको मन अशान्त छ। उनी भन्छन्, 'मेरो एउटै छोरो हो । हामीलाई बाँचुन्जेल पाल्ने र मरेपछि फाल्ने उही नै थियो ।' टिमुरेको एक होटलमा बसेर बिहान ८:३० बजे चिया र खाजा खाँदै बुहारीलाई फोन गरेको थिए। त्यसको १० मिनेटपछि छोराको सम्पर्क टुटेको यमबहादुरले सुनाए। छोरो खोज्दै चितवनसम्म पुगे पनि अरु ठाउँ खोज्ने आफ्नो कुनै उपाय नभएको बताए । अस्पतालमा उद्धारमा आएका व्यक्तिमा छोरो भेटिन्छ कि ? भन्ने आशाले राख्दै उन दैनिक अस्पताल आउनुहुन्छ। बेपत्ता छोरोको तस्बिरतिर हेर्दै भावुक हुँदै उनले भने, 'बुढेसकालको साहारा यही थियो। अब कहाँ खोज्न जाउँ?'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## वीरगंजबाट राहत बोकेर रसुवा पुगे जेनजी

# ३ सय परिवारलाई सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजबाट राहत सामग्री संकलन गरेर जेनजी पर्साको टोली रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुगेको छ । टोलीले बाढीबाट प्रभावित तथा विस्थापित परिवारको बस्तीमै पुगेर राहत सामग्री वितरण गर्नुका साथै उनीहरूको वास्तविक अवस्था र तत्काल आवश्यकताबारे जानकारीसमेत लिएको छ।

जेनजी पर्साका संयोजक अभिषेक साहको नेतृत्वमा प्रभावित क्षेत्रमा पुगेको टोलीले करिब तीन सय पीडित परिवारलाई प्रत्यक्ष भेटेर राहत वितरण गरेको जनाएको छ । बाढीका कारण घरबारसँगै दैनिक उपभोग्य सामग्रीसमेत गुमाएका परिवारलाई तत्काल आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले वीरगंजबाट राहत सामग्री संकलन गरी प्रभावित क्षेत्रमै पुगेर वितरण गरिएको साहले बताए।

टोलीले पीडित परिवारको आवश्यकतालाई प्राथमिकतामा राख्दै चामल, चिउरा, बिस्कुट, फ्रुटी लगायतका खाद्यान्न तथा अन्य आवश्यक राहत सामग्री वितरण गरेको जनाएको छ।

राहत वितरणका क्रममा पीडित परिवारसँग प्रत्यक्ष संवाद गरी उनीहरूले भोगिरहेको समस्या र तत्काल आवश्यक पर्ने सामग्रीबारे जानकारी लिइएको संयोजक साहले बताए । उनका अनुसार प्रभावित क्षेत्रमा पुगेर वास्तविक अवस्था बुझ्दा पीडित परिवारलाई तत्काल राहतसँगै आगामी दिनमा थप सहयोगको आवश्यकता रहेको देखिएको छ।

बाढीपीडितलाई राहत सामग्री उपलब्ध गराउने अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने जेनजी पर्साले जनाएको छ । प्रभावित परिवारको आवश्यकताको पहिचान गरी सम्भव भएसम्म थप सहयोग पुर्‍याउने प्रतिबद्धता टोलीले जनाएको छ।

## भन्सार क्षेत्रका दुई होटलमा प्रहरीको छापा,

# ५ महिलासहित ८ जना नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१६ स्थित भन्सार क्षेत्रका दुई होटलमा प्रहरीले छापा मारेर ५ महिलासहित ८ जनालाई नियन्त्रणमा लिएको छ । होटलमा अनैतिक गतिविधि भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले बुधबार दिउँसो कारबाही गरेको हो।

वडा प्रहरी कार्यालय वीर्ताबाट प्रहरी निरीक्षक विक्रम सुवेदीको नेतृत्वमा खटिएको प्रहरी टोलीले भन्सार क्षेत्रका 'अभिषेक होटल' र 'बेदामी होटल'मा एकैपटक छापा मारेको थियो।

प्रहरीका अनुसार दुवै होटलमा गरिएको कारबाहीका क्रममा ५ महिला र ३ पुरुष गरी कुल ८ जना नियन्त्रणमा परेका छन्। नियन्त्रणमा लिइएकामध्ये २ भारतीय महिला र २ भारतीय पुरुष रहेको प्रहरीले जनाएको छ।

बाँकी ४ जनाको पहिचान भने प्रहरीले तत्काल सार्वजनिक गरेको छैन। नियन्त्रणमा रहेका सबैसँग घटनाको प्रकृति र होटलमा उनीहरूको संलग्नताबारे प्रहरीले आवश्यक सोधपुछ गरिरहेको जनाएको छ । प्रहरीले प्रारम्भिक




अनुसन्धानपछि घटनाको थप तथ्य खुल्ने जनाएको छ । सोधपुछ तथा अनुसन्धानबाट प्राप्त विवरणका आधारमा सम्बन्धित व्यक्तिविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाइने प्रहरीको भनाइ छ।

# अतिक्रमित जग्गा खाली गर्न आह्वान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकपुर उपमहानगरपालिकाभित्र राजगुठीअन्तर्गतका पोखरी तथा पोखरीका डिलमा गरिएको अतिक्रमण सात दिनभित्र हटाउन गुठी संस्थानले सूचना जारी गरेको छ।

गुठी संस्थान, शाखा कार्यालय जनकपुरधामले सूचना जारी गर्दै राजगुठीअन्तर्गत रहेका देवान पोखरी, मध्यमासर, रुक्मिणी सर, विडाल सर, गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी, कपिलमोचनी सर, पुरन्दर सर, लक्ष्मण सर, पापमोचनी सर, अग्नी कुण्ड, सीता कुण्ड र विहार कुण्डलगायतका पोखरी तथा पोखरीका डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा अतिक्रमण गरी संरचना निर्माण गरेको जनाएको छ।

गुठी संस्थानले त्यस्ता अनधिकृत संरचना तथा अतिक्रमण सात दिनभित्र हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई आग्रह गरेको छ।

तोकिएको अवधिभित्र अतिक्रमण नहटाए प्रचलित कानुनबमोजिम कारबाही गरिने गुठी संस्थानले चेतावनी दिएको छ।गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ को प्रतिवेदन कार्यान्वयन समितिको निर्णयअनुसार सूचना जारी गरिएको हो।

## कृष्णजन्माष्ठमी

# धुमधामका साथ मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व शुक्रबार वीरगंज र सो आसपसाका क्षेत्र स्थित मठमन्दिरहरूमा धुमधामका साथ मनाईरहेका छन् । विशेष गरि वीरगंजको गहवामाई मन्दिर, गितामन्दीर र कृष्ण मन्दिरमा विहानैदेखि श्रदालु भक्तजनहरूको घुईंचो लागेको थियो।

देशभर भगवान् श्रीकृष्णको पूजाआराधना गरी श्रद्धा भक्तिपूर्वक मनाउँदैछन्। ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्णजन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ। यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजाआराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेषगरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ। अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा जन्मेका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका थिए।

## बाढीमा सम्पर्कविहीन भएका परिवारमा निराशा

# अझैपनि १८० जना बेपत्ता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
विनाशकारी बाढीपछिका दिन घर्किँदै जाँदा सम्पर्कविहीनका परिवारमा निराशा बढ्दैगएको छ। यता मधेश प्रदेशका जिल्लाहरूमा आफ्ना आफन्त सम्पर्कविहीन भएको भन्दै आउने क्रम पनि थपिँदै छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको विवरण अनुसार बिहान १० बजेसम्म रसुवाको बाढीमा सम्पर्कविहीन भएका भन्दै रिपोर्ट गरिएकाको संख्या २२० पुगेको छ। प्रदेश प्रहरी कार्यालयका अनुसार दुई दिन अघिसम्म सम्पर्कविहीन भन्दै रिपोर्ट गरिएकाको संख्या १९५ जना मात्र थियो ।मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालका अनुसार सम्पर्कविहीन भन्दै रिपोर्ट गरिएकामध्ये हालसम्म ३८ जना सम्पर्कमा आएका छन् । अन्य दुईजनाको मृत्यु भएको पुष्टि भएको छ।

सप्तरी र बाराका एक एकजनाको मृत्यु भएको एसएसपी ढकालले बताए। अझै पनि बाढीपछि १ सय ८० जना सम्पर्कविहीन रहेका छन्।

## रेडक्रसको स्थापना दिवसमा

# विविध कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल रेडक्रस सोसाइटीको ६४औँ स्थापना दिवसको अवसरमा पर्सा शाखाले शुक्रबार विभिन्न कार्यक्रम आयोजना गरी स्थापना दिवस मनाएको छ । वीरगंजस्थित शाखा कार्यालयमा आयोजित कार्यक्रममा रेडक्रसका संस्थापक जाँ हेनरी ड्युनाँको योगदानको स्मरण गर्दै झण्डोत्तोलन, दीप प्रज्वलन तथा उनको तस्बिरमा माल्यार्पण गरिएको थियो। नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाका सभापति बृजकिशोर पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शाखाका कार्यकारिणी सदस्य, विभिन्न उपशाखाका पदाधिकारी तथा सदस्य र कार्यालय प्रमुख वीरसमसेर कुर्मी लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरूले संस्थापक ड्युनाँको तस्बिरमा फूलमाला तथा अबिर अर्पण गर्दै मानवीय सेवाका क्षेत्रमा उनले पुर्‍याएको योगदानको स्मरण गरे।

स्थापना दिवसका अवसरमा रेडक्रसको मूल उद्देश्य र मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाउने विषयमा समेत चर्चा गरिएको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले विपद्, स्वास्थ्य संकट र विभिन्न मानवीय कठिनाइका समयमा रेडक्रसले निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा संस्थाको सेवा अझ प्रभावकारी र व्यापक बनाउनुपर्नेमा जोड दिए।

रेडक्रस मानवता, निष्पक्षता, तटस्थता, स्वतन्त्रता, स्वैच्छिक सेवा, एकता र विश्वव्यापीताका आधारभूत सिद्धान्तमा आधारित भएर मानवीय सेवामा क्रियाशील रहेको सहभागीहरूले बताएका थिए।

स्थानीयस्तरमा पनि पर्सा शाखाले विपद् व्यवस्थापन, रक्तसञ्चार, स्वास्थ्य सेवा, उद्धार तथा राहतलगायतका क्षेत्रमा निरन्तर सेवा प्रदान गर्दै आएको जनाइएको छ। स्थापना दिवसकै अवसरमा रेडक्रसकर्मी तथा पदाधिकारीहरूले आगामी दिनमा विपद् र संकटमा परेका नागरिकको सहयोगलाई प्राथमिकतामा राख्दै मानवीय सेवामा अझ सक्रिय भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

स्थापना दिवसले रेडक्रसको मानवीय सेवा र परोपकारको भावनालाई थप बलियो बनाउनुका साथै समाजमा स्वयंसेवा तथा मानवीय सहयोगको संस्कार विकास गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास सहभागीहरूले व्यक्त गरेका छन्।

# बाढीमा सम्पर्कविहीन भएका

## पर्सा, बारा, सर्लाही र भातका ३९ जनाको विवरण

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि विभिन्न स्थानबाट सम्पर्कविहीन भएका पर्सा, बारा, सर्लाही तथा भारतका ३९ जनाको नामावली जिल्ला प्रशासन कार्यालय पर्साले सार्वजनिक गरेको छ । रोजगारी, व्यापार तथा अन्य कामका लागि रसुवा पुगेका उनीहरू बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा नआएपछि प्रशासनले खोजी तथा उद्धारका लागि विवरण सार्वजनिक गरेको हो।



जिल्ला प्रशासन कार्यालय पर्साले जारी गरेको खोज तथा उद्धारसम्बन्धी सूचनामा पर्साका साथै बारा र सर्लाहीका नागरिक तथा केही भारतीय नागरिकको नामसमेत समावेश गरिएको छ । प्रशासनका अनुसार सूचीमा रहेका व्यक्तिमध्ये केहीका आफन्त भने सम्पर्कमा आइसकेका छन्।

प्रशासनले सार्वजनिक गरेको नामावलीमा सफिकराज मियाँ, साहबुद्दिन मंसुरी, सतीश मियाँ, समिम मियाँ, राहुल मियाँ, उमेश प्रसाद, वीर किशोर कुमार, राम करण कुमार, विनय कुमार साह, संजय साह सोनार, सुजत मियाँ, सागर कुर्मी, सुनिल मान डाँगोल, रिजवान अंसारी, आरम्भ चौरसिया, अलोक चौरसिया, लक्की पटेल, आवाज हवारी, नरेश राय, नरेश राई, नग नारायण पटेल, सुबोध पटेल, अरुण हजरा, श्यामबाबु ठाकुर, उकेश दोङ्गल, संजय तामाङ, आकाश तामाङ, कमरुल होदा अंसारी, सुभाष पटेल, ज्ञानबहादुर खत्री, श्यामलाल मोत्तन, सामिन देवान, अनुतमबहादुर श्रेष्ठ, अभिषेक बरसौला, धनश्याम बरसौला, दिनेश परियार, पृथ्वी चौधरी, ओमिर अंसारी र सरुन कुमार यादव रहेका छन्।

सार्वजनिक विवरणअनुसार ज्ञानबहादुर खत्री र श्यामलाल मोत्तन भने हाल सम्पर्कमा आइसकेका छन् । त्यस्तै, बाराका केही व्यक्ति तथा भारतीय नागरिकका आफन्त पनि प्रशासनको सम्पर्कमा आएको जनाइएको छ । सम्पर्कमा आएका आफन्तबाट प्राप्त सूचनाका आधारमा सम्बन्धित निकायसँग समन्वय गरी उनीहरूको अवस्थाबारे थप विवरण संकलन भइरहेको प्रशासनले जनाएको छ । सूचीमा रहेका अन्य व्यक्तिको अवस्थाबारे पनि खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइएको छ।

भोटेकोशीमा आएको बाढीले रसुवाका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति पुर्‍याएको छ । बाढीको समयमा रसुवामा रहेका पर्सा तथा आसपासका जिल्लाका नागरिक लामो समयसम्म आफन्तको सम्पर्कमा नआएपछि परिवारजनले उनीहरूको खोजीका लागि प्रशासनसँग आग्रह गरेका थिए । प्रशासनले सम्पर्कविहीन व्यक्तिबारे जानकारी भए नजिकको प्रहरी कार्यालय, वडा कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा खबर गर्न आग्रह गरेको छ। खोज तथा उद्धारसम्बन्धी थप जानकारीका लागि प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालय पर्सामा सम्पर्क गर्न सकिने जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेको नामावलीलाई प्रारम्भिक विवरण भनेको छ । खोजीका क्रममा सम्पर्कमा आउने वा फेला पर्ने व्यक्तिको अवस्थाबारे विवरण क्रमशः अद्यावधिक गर्दै जाने प्रशासनले जनाएको छ।

# 'मेरो सिन्दुर फर्काइदिनुस्...

निकाल्न सकिन्थ्यो होला,' इन्द्रा भन्छिन्, 'ढिलाइ हुँदै जाँदा हाम्रो चिन्ता बढ्दै गएको छ। मेरो एउटै आग्रह छ, जसरी पनि हाम्रा सरहरूलाई बचाएर बाहिर ल्याइदिनुस्।'

उनले उद्धारमा ढिलाइ भएको भन्दै पीडा व्यक्त गर्दै आफूहरूजस्ता पीडित परिवारको अवस्थालाई गम्भीरतापूर्वक लिन सरकारसँग आग्रह गरेकी छन्।

**बिहानसम्म फोनमा कुरा, त्यसपछि सम्पर्कविहीन**

दुई वर्षअघि विवाह गरेकी इन्द्रा श्रीमान् विकाससँग रसुवामै बस्दै आएकी थिइन्। उनका डेढ वर्षीया छोरी विभाँसी कुमारी छिन् भने उनी अहिले छ महिनाकी गर्भवती छिन्।

इन्द्राका अनुसार भदौ १० गते बिहान करिब ६:४० बजे विकास डेराबाट कार्यालयका लागि निस्किएका
थिए । बिहान करिब ८ बजेसम्म उनीहरूबीच फोनमा कुराकानी भएको थियो।

सधैंजसो कार्यालयमा खाजा खाने समयमा पनि उनले श्रीमतीसँग कुरा गरेका थिए। त्यसपछि उनी काममा फर्किएका थिए।

तर बिहान करिब ९:१० बजे अचानक ठूलो आवाज आयो । आफू बसिरहेको कोठासमेत हल्लिएपछि इन्द्रासहित अन्य महिलाहरू बाहिर निस्किए। चारैतिर मानिसहरू भागाभाग गरिरहेको देखियो।

गार्डले सुरक्षित स्थानतर्फ जान आग्रह गरेपछि तीन तल्लामाथिको कोठाबाट डेढ वर्षीया छोरीलाई समातेर र छ महिनाको गर्भ बोकेकी इन्द्रा हतारिँदै बाहिर निस्किइन् र डाँडातर्फ लागिन्।

डाँडा चढ्दै गर्दा उनले श्रीमान्लाई पटक–पटक फोन गर्ने प्रयास गरिरहेकी थिइन्। उनका अनुसार बिहान ९:१४ बजेसम्म विकासको मोबाइल अनलाइन देखिएको थियो। त्यसपछि मोबाइल नेटवर्कसमेत अवरुद्ध भएपछि उनीहरूसँग सम्पर्क हुन सकेन।

**साँझ फर्किंदा कार्यालय नै थिएन**

दिनभर डाँडामा बसेर श्रीमान्को प्रतीक्षा गरेकी इन्द्रा साँझ नदीको पानी केही घटेपछि तल झरेर हेर्न गइन्। तर त्यहाँ विकास कार्यरत कार्यालयको संरचना नै देखिएन । उनी काम गर्ने सुरुङको अवस्था पनि भयावह बनेको थियो।

रात अबेरसम्म पनि विकास नआएपछि एक स्थानीय महिलाले इन्द्रासहित अन्यलाई सुरक्षित स्थानमा लगेर रात बिताउन सहयोग गरेकी थिइन्।

भोलिपल्ट पनि इन्द्रा नदी किनारमै श्रीमान्को प्रतीक्षा गरिरहिन्। घाम र पानीको पर्वाह नगरी उनले दिनभर विकास आउने बाटो हेरिरहिन्।

दुई दिनसम्म पनि श्रीमान् नफर्किएपछि तेस्रो दिन नदी किनारमै उनी बेहोस भएकी थिइन्। त्यसपछि नेपाली सेनाले उनको उद्धार गरी हेलिकप्टरमार्फत नुवाकोटस्थित नेपाली सेनाको ब्यारेक पुर्‍याएको र सोही दिन काठमाडौं पठाइएको उनले बताइन्।

फोन बज्दा पनि झस्किन्छिन्

गत शनिबार मात्रै ससुराली गाउँ महोत्तरीको पिपरा गाउँपालिका–३ पुगेकी इन्द्रा त्यसयता श्रीमान्को प्रतीक्षामा दिनरात बिताइरहेकी छन्।

परिवारजनका अनुसार उनी बेला–बेला रुँदै कराउँदै गर्छिन् । कसैको मोबाइलमा फोन आउँदा पनि श्रीमान्कै खबर आएको हो कि भनेर झस्किन्छिन्। चिन्ता र पीडाका कारण उनी छिनछिनमा बेहोससमेत हुने गरेको परिवारले जनाएको छ।

होस खुलेपछि बारम्बार 'मेरो सर कहाँ छन्?' भन्दै खोज्ने गरेको परिवारजन बताउँछन्।

इन्द्रालाई सुरुङभित्र सुरक्षित स्थान रहेको र त्यहाँ केही दिनका लागि खाद्यान्न तथा अक्सिजनको व्यवस्था हुन सक्ने विश्वास छ। त्यसैले श्रीमान् अझै जीवितै हुन सक्ने आशा उनले छाडेकी छैनन्।

'जति ढिला हुन्छ, हाम्रो आशा पनि कम हुँदै जान्छ,' उनी भन्छिन्, 'त्यसैले सरकारले अब ढिलाइ नगरी उद्धारको काम तीव्र बनाउनुपर्छ।'

उनका अनुसार बाढी आएको दिन सुरुङभित्र विकाससहित करिब ४२ जना इन्जिनियर तथा प्राविधिक र करिब १० जना सहयोगी कामदार रहेको जानकारी आफूले पाएकी छन्। तर सबैको अवस्थाबारे स्पष्ट जानकारी आउन नसकेको उनको भनाइ छ।

**बुबाआमाको आँखामा पनि छोराकै प्रतीक्षा**

विकास महोत्तरीको पिपरा गाउँपालिका–३ निवासी शम्भुनाथ यादव 'बेचन'का जेठा छोरा हुन्। उनका कान्छा छोरा शुभाष यादव हुन्।

छोरा सुरुङभित्र फसेको खबर पाएदेखि बुबा शम्भुनाथले राम्रोसँग खाना खान नसकेको परिवारजन बताउँछन्। उनी सधैं छोराको सकुशल भएको खबर कतैबाट आइपुग्ला कि भनेर प्रतीक्षामा छन्।

आमा विणादेवी पनि छोराको सम्झनामा छाती पिट्दै रुँदै हिंड्ने गरेको परिवारको भनाइ छ। घरमा आउने जोकोहीलाई उनले आफ्नो छोरालाई सकुशल ल्याइदिन आग्रह गर्ने गरेकी छन्।

विकासकी बहिनी निशा यादव पनि दाजु फर्किने आशामा घरको मूलढोकातिर हेरिरहन्छिन्।

इन्द्राका बुबा, भंगहा नगरपालिका–६ हतिसर्वा निवासी विजय यादव पनि छोरीको पीडाले आफू मर्माहत भएको बताउँछन् । उद्धार कार्यलाई अझ प्रभावकारी बनाउन उनले सरकारसँग आग्रह गरेका छन्।

## बाढीको दशौँ दिन: सुरुङभित्र खोजी चुनौतीपूर्ण,

# दुई जनाको जीवित उद्धारले जगायो आशा





**मधेशदृष्टि**
**जनकपुरधाम।**
भोटेकोशीमा आएको विनाशकारी बाढीको दशौँ दिनसम्म पनि रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनामा सम्पर्कविहीन कर्मचारी तथा श्रमिकको खोजी र उद्धार चुनौतीपूर्ण बनेको छ । बाढीबाट १२ वटा जलविद्युत् आयोजना प्रभावित भएपछि सुरुङ, भूमिगत विद्युत् गृह, कार्यालय र आवास क्षेत्रमा फसेका सयौँ व्यक्तिको अवस्था अझै अज्ञात छ ।
विपद्को २१६ घण्टापछि नुवाकोटस्थित माथिल्लो त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट नेपाल विद्युत् प्राधिकरणका दुई कर्मचारीलाई जीवितै उद्धार गरिएपछि भने अन्य सम्पर्कविहीन व्यक्तिका परिवारमा नयाँ आशा पलाएको छ।
शुक्रबार बिहान करिब ८:५५ बजे मेकानिकल फोरम्यान सञ्जय शाह र मेकानिकल सुपरभाइजर कबीर महर्जनलाई सुरुङबाट सकुशल बाहिर निकालिएको हो। उद्धार गरिएका दुवै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको र उनीहरूको काठमाडौँस्थित छाउनीको वीरेन्द्र अस्पतालको आईसीयूमा उपचार भइरहेको छ । दुई जनाको जीवित उद्धारसँगै सोही सुरुङभित्र एउटा शवसमेत फेला परेको छ । आयोजनाका प्रमुख आवास ओझाका अनुसार सुरक्षाकर्मीले सुरुङबाट शव बाहिर निकालेका हुन्।

### त्रिशूली–३ 'ए' मा ३९ जना अझै सम्पर्कविहीन

नेपाली सेनाका अनुसार त्रिशूली–३ 'ए' मा ९३ जनाको संयुक्त उद्धार टोली परिचालन गरी खोज तथा उद्धार कार्य भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणका इलेक्ट्रिकल सुपरभाइजर संजोग केसीसहित नेपाली सेनाको टोली थप व्यक्तिको खोजीका लागि पावर हाउसतर्फ प्रवेश गरेको छ । उद्धार टोलीले पाँचवटा एस्काभेटर, कम्प्रेसर र ब्रेकरको सहायताले सुरुङको आउटलेटमा थुप्रिएको लेदो, बालुवा र ढुंगा हटाउँदै करिब ३० मिटरभित्रसम्म पहुँच बनाएको छ।
सुरुङभित्र ठूलो ढुंगा अवरोधका रूपमा देखिएपछि त्यसलाई ब्लास्टिङ गरी बाटो खुलाउने र सुरुङ सफा गर्ने काम भइरहेको छ । यसअघि पनि सेनाको टोलीले जमेको पानी, माटो र ढुंगा हटाउँदै सुरुङभित्र प्रवेश गर्ने प्रयास गरेको थियो। त्रिशूली–३ 'ए' मा ४२ जना सम्पर्कविहीन रहेकोमा दुई जनालाई जीवितै उद्धार गरिएको छ भने एक जनाको शव फेला परेको छ । अब ३९ जनाको अवस्था अझै अज्ञात छ।
बाढीले ल्याएको ठूलो मात्राको लेदो, ढुंगा र बालुवाका कारण सुरुङका कतिपय भागमा भारी उपकरण र उद्धार टोली पुर्‍याउनै कठिन भइरहेको छ।

### त्रिशूली–३ 'बी' मा भारी उपकरण पुर्‍याउन समस्या

निर्माणाधीन माथिल्लो त्रिशूली–३ 'बी' जलविद्युत् आयोजनामा भने उद्धारका लागि आवश्यक भारी उपकरण घटनास्थलसम्म पुर्‍याउनु मुख्य चुनौती बनेको छ । नेपाली सेनाका ८९ जना, तीन गैरसैनिक तथा आयोजनाका प्रबन्ध निर्देशकसहितको संयुक्त टोलीले आयोजनाको कार्यालय र कर्मचारी आवास क्षेत्र पहिचान गरेको छ । तर बाढीले पहुँचमार्ग ध्वस्त बनाएकाले एस्काभेटर प्रयोग गरी बाटो खन्ने र ढुंगा तथा माटो पन्छाउने काम भइरहेको छ।
आयोजनाकी उपनिर्देशक लिला अर्यालका अनुसार तीनवटा एस्काभेटरले निरन्तर काम गरिरहेका छन् । तर साना एस्काभेटरबाट अपेक्षित गतिमा उद्धार कार्य अघि बढाउन कठिन भइरहेको छ।
ठूलो एस्काभेटर घटनास्थलसम्म पुर्‍याउन डाँडा काटेर पहुँचमार्ग बनाउने काम भइरहेको छ। त्यो विकल्प पनि सम्भव नभए उपकरणलाई विभिन्न भागमा छुट्याएर घटनास्थलसम्म पुर्‍याई पुनः जोड्ने विकल्पमा समेत छलफल भइरहेको बताइएको छ । त्रिशूली–३ 'बी' मा १९१ जना सम्पर्कविहीन छन् । तीमध्ये फेवा कन्स्ट्रक्सनका १४१ जना, त्रिशूली जलविद्युत् कम्पनीका २१ जना, कर्मचारी परिवारका सात जना, चेस्का इन्जिनियरिङका १२ जना, एक जना सुरक्षा गार्ड तथा काठमाडौं विश्वविद्यालयबाट इन्टर्नसिपका लागि गएका तीन विद्यार्थी छन्।
सुरुङमा काम गरिरहेका २३ जना भने सुरुङभित्र अत्यधिक हिलो र लेदो नपसेकाले सुरक्षित रूपमा बाहिर निस्कन सफल भएका थिए।

### लाङटाङमा दुई शव फेला

रसुवाको लाङटाङ खोला जलविद्युत् आयोजनाको सुरुङभित्रबाट दुई शव फेला परिसकेका छन्। नेपाली सेनाका अनुसार २५ जनाको संयुक्त खोज तथा उद्धार टोलीले सुरुङभित्र करिब २०० मिटरसम्म प्रवेश गरी खोजी कार्य जारी राखेको छ । उद्धार टोलीले सुरुङका विभिन्न स्थानमा साना प्वाल बनाएर भित्रको अवस्था बुझ्ने प्रयास गरिरहेको छ भने अर्को खण्डमा प्रवेश गर्ने तयारीसमेत भइरहेको छ।
आयोजनाका प्रबन्धक विजयमान भट्टराईका अनुसार उद्धार टोलीले क्यामरा तथा अन्य प्राविधिक उपकरणको प्रयोग गरी सुरुङभित्र थप व्यक्ति भए वा नभएको पत्ता लगाउने प्रयास गरिरहेको छ । बाढीले पुर्‍याएको क्षति सामान्य बाढीभन्दा निकै फरक र भयावह रहेको भन्दै आयोजनाका अधिकारीहरूले भविष्यमा जलविद्युत् आयोजनाको डिजाइन, जोखिम मूल्यांकन तथा आपत्कालीन उद्धार प्रणालीमा पुनर्विचार आवश्यक रहेको बताएका छन्।

### माथिल्लो त्रिशूली–१ मा ५५७ जना सम्पर्कविहीन

२१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनामा पनि खोजी कार्य जारी छ । नेपाली सेनाको टोलीले पहुँच सुरुङबाट रबर बोट प्रयोग गरी करिब २०० मिटरभित्र पुगेर खोजी गरेको थियो। सो क्रममा सुरुङको बन्द भागमा एक शवसमेत फेला परेको छ । अडिट टनेल–३ मा भने उद्धार टोली करिब १ दशमलव ८ किलोमिटरसम्म पुगेर खोजी गरिरहेको छ।
आयोजनाको सुरुङको हेड र टेल क्षेत्रमा बाक्लो दलदल जमेकाले उद्धार कार्य कठिन बनेको छ । कतिपय स्थानमा तीनदेखि चार मिटरसम्म दलदल थुप्रिएको बताइएको छ। नेपाली सेना, सशस्त्र प्रहरी, कोरियाली तथा शेर्पा उद्धार टोली, ड्रोन टिम, विशेष क्यामरा र तालिमप्राप्त कुकुरको सहयोगमा खोजी भइरहेको छ । प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनीका अनुसार आयोजनामा कार्यरत ५५७ जना श्रमिक तथा कर्मचारी अझै सम्पर्कविहीन छन्। बाढी आउनुअघि आयोजनामा एक हजार ४ सय ३३ जना कार्यरत थिए।
सम्पर्कविहीन हुनेमा एनडब्लूईडीसीका १५ जना, परामर्शदाता जेड कन्सल्टका सात जना, मुख्य ठेकेदार डुसानका ५६ जना, सिभिल ठेकेदार पावर चाइनाका ३८५ जना तथा इलेक्ट्रोमेकानिकल ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना रहेका छन्।

### चिलिमेमा छ जना बेपत्ता

२० मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनामा नेपाली तथा विदेशी विशेषज्ञसहितको संयुक्त टोली परिचालन गरी खोजी भइरहेको छ । यसअघि उद्धार टोली सुरुङभित्र करिब १०० मिटरसम्म पुगेको थियो । तर सुरुङका केही भाग पूर्ण रूपमा थुनिएको अवस्थामा भेटिएपछि भित्र प्रवेश गर्न कठिन भएको छ।
नदीमा बालुवा, हिलो र लेदो थुप्रिँदा पानीको सतह करिब १० मिटरसम्म बढेको कम्पनीले जनाएको छ।
सञ्चालनमा रहेको चिलिमे आयोजनाबाट छ जना अझै सम्पर्कविहीन छन् । उनीहरू भूमिगत विद्युत् गृहमा फसेको अनुमान गरिएको छ । साइट कार्यालयमा रहेका ७१ जना भने भागेर ज्यान जोगाउन सफल भएका थिए।

### रसुवागढीमा पनि उद्धार कठिन

१११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनामा पनि खोज तथा उद्धार कार्य जारी छ। आयोजनाका अनुसार ९३ जना सम्पर्कविहीन छन् । नदीको पानीको सतह बढेका कारण भूमिगत विद्युत् गृहमा प्रवेश गर्ने सुरुङ क्षेत्रमा उद्धार टोली पुर्‍याउन कठिनाइ भइरहेको छ। हेलिकप्टर अवतरणका लागि सुरक्षित स्थान नहुँदा उद्धार कार्य थप जटिल बनेको आयोजनाले जनाएको छ।
पर्वतारोही शेर्पाहरूको टोली परिचालन गरी खोजी कार्यलाई तीव्र बनाउने तयारी भइरहेको छ। दैनिक वर्षा तथा नदीमा पानीको सतह बढिरहँदा जमिन कटान पनि जारी रहेकाले उद्धारमा थप चुनौती थपिएको छ।
सम्पर्कविहीनमध्ये तीनदेखि १४ जनासम्म भूमिगत विद्युत् गृहभित्र फसेको अनुमान गरिएको छ।

### दुई जनाको उद्धारले बढायो आशा

बाढीको दशौँ दिनसम्म आइपुग्दा कतिपय आयोजनाका सुरुङभित्र उद्धार टोली प्रवेश गर्नसमेत नसक्ने अवस्था छ । कतै लेदो र विशाल ढुंगाले सुरुङ थुनिएको छ भने कतै बाढीले पहुँचमार्ग नै बगाएको छ । केही आयोजनामा शव फेला पर्न थालेका छन् भने धेरै स्थानमा सम्पर्कविहीन व्यक्तिको अवस्थाबारे अझै कुनै स्पष्ट जानकारी छैन। यस्तो कठिन परिस्थितिमा त्रिशूली–३ 'ए' को सुरुङबाट २१६ घण्टापछि सञ्जय शाह र कबीर महर्जनलाई जीवितै उद्धार गरिनुले भने पीडित परिवारमा नयाँ आशा जगाएको छ।
अब त्रिशूली–३ 'ए' मा सुरुङभित्रको ढुंगा र लेदो हटाउने, त्रिशूली–३ 'बी' मा भारी उपकरण पुर्‍याउने, लाङटाङ र चिलिमेमा विशेष क्यामरा तथा प्राविधिक उपकरणमार्फत खोजी गर्ने र माथिल्लो त्रिशूली–१ मा वैकल्पिक सुरुङमार्फत थप खोजी गर्ने प्रयासलाई तीव्रता दिइएको छ । विपद्को दशौँ दिनमा पनि समयसँगै दौडिरहेको उद्धार टोलीका लागि चुनौती ठूलो छ । तर सुरुङभित्रबाट दुई जनालाई जीवितै बाहिर निकाल्न सफल भएको घटनाले अझै पनि थुप्रै परिवारको आशा जीवितै राखेको छ।

## जनकपुरधामको शिक्षा व्यवस्थापनमाथि प्रश्नः

# निर्णय हुन्छन्, कार्यान्वयन किन हुँदैन ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा व्यवस्थापन, अनुगमन तथा नगर शिक्षा समितिबाट भएका निर्णयको कार्यान्वयनलाई लिएर विभिन्न प्रश्न उठ्न थालेका छन् । शिक्षा क्षेत्रमा निर्णय र निर्देशन जारी हुने तर तिनको प्रभावकारी कार्यान्वयन नहुने गरेको भन्दै सरोकारवालाले शिक्षा शाखा र नगर शिक्षा समितिको भूमिकामाथि प्रश्न उठाएका छन् । उपमहानगरपालिकाले स्थानीय पाठ्यक्रम तथा स्थानीय विषयको कार्यान्वयनलाई लिएर व्यापक चर्चा र प्रचारप्रसार गरे पनि शैक्षिक सत्र सुरु भएको लामो समय बितिसक्दा समेत विद्यालयका कक्षाकोठामा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो छ।
स्थानीय विषयलाई विद्यालयमा लागू गर्ने विषयमा घोषणा र प्रचार बढी भए पनि व्यवहारमा कार्यान्वयन कमजोर देखिएको भन्दै यसको कारणबारे सरोकारवालाले जवाफ माग गरेका छन्।
त्यस्तै, उपमहानगरपालिकाले संस्थागत विद्यालयका लागि शुल्क निर्धारण गरे पनि अधिकांश विद्यालयमा निर्धारित शुल्क पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको गुनासो छ। शुल्क तोक्ने निर्णय गरिए पनि त्यसको अनुगमन र कार्यान्वयन गराउने सवालमा स्थानीय सरकार प्रभावकारी बन्न नसकेको आरोप लाग्न थालेको छ । संस्थागत विद्यालयको वर्गीकरणका लागि गठन गरिएको उपसमिति तथा सम्बन्धित विद्यालयले आवश्यक प्रक्रिया पूरा गरेको बताइए पनि हालसम्म विद्यालयको वर्गीकरण सार्वजनिक हुन सकेको छैन । वर्गीकरण प्रक्रिया कहाँ पुगेको छ र यसको नतिजा सार्वजनिक गर्न किन ढिलाइ भइरहेको छ भन्नेबारे उपमहानगरपालिकाले स्पष्ट पार्नुपर्ने माग उठेको छ।
यसैगरी, अनुमति नलिएका तथा प्राप्त अनुमतिभन्दा माथिल्लो कक्षा सञ्चालन गरिरहेका केही संस्थागत



विद्यालयको सम्बन्धित उपसमितिले अनुगमन गरेको थियो। अनुगमनपछि तयार गरिएको प्रतिवेदन नगर शिक्षा समितिमा पेश भएको र समितिले जरिवानासहित त्यस्ता विद्यालय तथा अवैध रूपमा सञ्चालन गरिएका कक्षा बन्द गर्ने निर्णयसमेत गरेको बताइएको छ । समितिको निर्णयअनुसार सम्बन्धित विद्यालयलाई पत्राचार गरिसकिएको अवस्थामा पनि कतिपय विद्यालय तथा अनधिकृत कक्षा अझै सञ्चालनमा रहेको गुनासो छ । यसले नगर शिक्षा समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी कसको हो भन्ने गम्भीर प्रश्न खडा गरेको छ।
निर्णय कार्यान्वयनमा भइरहेको ढिलाइलाई लिएर कतिपय सरोकारवालाले आशंका व्यक्त गर्दै सम्भावित आर्थिक चलखेलको प्रश्नसमेत उठाएका छन् । तर, यस्ता आरोपको स्वतन्त्र पुष्टि भइसकेको छैन । त्यसैले उपमहानगरपालिकाले कार्यान्वयनमा भएको ढिलाइको कारण सार्वजनिक रूपमा स्पष्ट पार्नुपर्ने देखिन्छ । नगर शिक्षा समितिका सदस्य दिपक ठाकुरका अनुसार गत चैत ३० गते समितिले अनुमति प्राप्त गरे पनि सञ्चालनमा नरहेका केही विद्यालयको अनुमति खारेज गर्ने निर्णय गरेको थियो। तर, निर्णय भएको लामो समय बितिसक्दा समेत त्यसको कार्यान्वयन र सार्वजनिक जानकारी हुन नसकेको विषयमा उनले प्रश्न उठाएका छन्।
समितिले निर्णय गरिसकेपछि त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी शिक्षा शाखाको भए पनि कार्यान्वयनमा किन ढिलाइ भइरहेको छ भन्ने विषयमा स्पष्ट जवाफ आउनुपर्ने उनको भनाइ छ। संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरणको विषयमा पनि उपमहानगरपालिकाले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने माग उठेको छ । स्थानीय सरकारले तोकेको मापदण्डअनुसार छात्रवृत्ति उपलब्ध गराउन विद्यालयलाई निर्देशन दिने तर शुल्क निर्धारण, विद्यालय वर्गीकरण, अनुगमन र निर्णय कार्यान्वयनमै स्थानीय सरकार कमजोर देखिने हो भने निर्देशनको प्रभावकारितामाथि नै प्रश्न उठ्ने सरोकारवालाहरू बताउँछन्।
शिक्षा क्षेत्रमा नियम र निर्णय बनाउनु मात्रै पर्याप्त नहुने, त्यसको निष्पक्ष र प्रभावकारी कार्यान्वयन पनि उत्तिकै आवश्यक हुने उनीहरूको धारणा छ। 'ताली एक हातले बज्दैन' भन्ने उदाहरण दिँदै सरोकारवालाहरूले संस्थागत विद्यालय र स्थानीय सरकार दुवैले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताएका छन् । जनकपुरधामको शैक्षिक क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन उपमहानगरपालिकाले गरेका निर्णय पारदर्शी ढंगले कार्यान्वयन गर्नुपर्ने, अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने तथा कार्यान्वयनमा देखिएको ढिलाइबारे सार्वजनिक रूपमा जवाफ दिनुपर्ने माग बढ्दै गएको छ।

## कार फेवातालमा खस्दा दुईजनाको मृत्यु, दुई घाइते

**मधेशदृष्टि**
**पोखरा।**
कास्कीको पोखरा महानगरपालिका–१८ गैरीचौतारा घुम्तीबाट भारतीय नम्बर प्लेटको कार फेवातालमा खस्दा वीरगंजका छिमेकी भारतीय सहर रक्सौलका दुई जनाको मृत्यु भएको छ भने थप दुई जना घाइते भएका छन्।
मृत्यु हुनेमा भारतको बिहार राज्यको रक्सौल घर भएका २६ वर्षीय नवदीप कुमार यादव र करिब ४० वर्षीय अर्को एक पुरुष रहेका छन्।
उद्धारका क्रममा कारमा सवार भारतको बिहार राज्यको रक्सौल घर बताउने २७ वर्षीय अनमोल



कुमार यादव र ३३ वर्षीय सुरज यादवलाई जीवितै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ।
दुवैको अवस्था मध्यम रहेको र बोल्न सक्ने अवस्थामा रहेको प्रहरीले जनाएको छ । शुक्रबार बिहान करिब ४:५० बजे सेदीबाट लेकसाइडतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेट बीआर ०५ बी बी ६७५९ नम्बर को कार चालकले नियन्त्रण गुमाउँदा सडकबाट करिब २० मिटर तल फेवातालमा खसेको थियो।

## बाढीपीडितका लागि राहत जुट्दै,

# कोषमा ८ अर्बभन्दा बढी जम्मा

## पुन:स्थापनाका लागि जग्गा खोजिँदै

**मधेशदृष्टि**
**काठमाडौं।**
विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका लागि देश तथा विदेशबाट सहयोग जुट्ने क्रम तीव्र बनेको छ । सरकारी निकायसँगै निजी क्षेत्र, विभिन्न संघसंस्था तथा सर्वसाधारण नागरिक राहत अभियानमा सक्रिय भइरहेका बेला प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मात्रै बाढीपछि झण्डै ६ अर्ब रुपैयाँ सहयोग संकलन भएको छ। बाढीअघि नै कोषमा २ अर्ब ८ करोड रुपैयाँ मौज्दात रहेको थियो । बाढीपछि संकलित रकमसमेत जोड्दा कोषमा ८ अर्ब रुपैयाँभन्दा बढी रकम पुगेको छ । यसले विपद्बाट प्रभावित नागरिकको तत्काल उद्धारदेखि दीर्घकालीन पुनःस्थापना र पुनर्निर्माणसम्मका लागि ठूलो आर्थिक स्रोत जुटेको देखाएको छ।
सरकारले राहत संकलनसँगै प्रभावित नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण तथा पुनःस्थापनाको तयारीसमेत अघि बढाएको छ । विशेषगरी रसुवा–भोटेकोशी क्षेत्रमा बाढीका कारण विस्थापित तथा जोखिमपूर्ण स्थानमा बसिरहेका परिवारलाई सुरक्षित रूपमा पुनःस्थापना गर्न उपयुक्त जग्गा पहिचान गर्ने प्रक्रिया अघि बढाइएको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले



नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरेको छ । समितिले बाढीका कारण विस्थापित तथा जोखिममा रहेका परिवारको विवरण संकलन गर्नुका साथै पुनःस्थापनाका लागि सम्भावित जग्गाको स्थलगत अध्ययन गर्नेछ।
समितिले प्रस्तावित स्थानमा बाढी तथा पहिरोको जोखिम, भौगोलिक अवस्था र स्थायी बसोबासका लागि उपयुक्तताबारे प्रारम्भिक मूल्याङ्कन गर्नेछ । साथै, आवश्यक कानुनी प्रक्रिया, पूर्वाधार निर्माण तथा पुनःस्थापनाको समग्र योजनासहितको सुझाव र सिफारिस मन्त्रालयलाई बुझाउनेछ।
यता, विपद्को व्यवस्थापन र राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन सरकारले डिजिटल प्रविधिको प्रयोग बढाएको जनाएको छ । गृहमन्त्री सुधन गुरुङले डिजिटल युगमा मन्त्रालयको कुर्सीमा बसेर मात्र काम गर्ने परम्परागत शैली सान्दर्भिक नरहेको बताएका छन् । आफूमाथि भइरहेको आलोचनाको जवाफ दिँदै सामाजिक सञ्जालमार्फत उनले नेतृत्वको मूल्याङ्कन काम गर्ने स्थान वा शैलीबाट नभई त्यसको प्रभावकारिता र परिणामबाट हुनुपर्ने बताएका छन् । डिजिटल माध्यमको प्रयोगमार्फत विपद् प्रतिकार्यलाई थप छिटो र प्रभावकारी बनाइएको उनको दाबी छ।
गृहमन्त्री गुरुङका अनुसार विषयगत मन्त्रालयका उच्चपदस्थ अधिकारीहरूको उपस्थितिमा विपद् प्रतिकार्य कमान्ड सेन्टर पूर्ण रूपमा सञ्चालनमा रहेको छ । अनलाइन प्रविधिको प्रयोग गर्दै प्रत्येक चार घण्टामा कमान्ड सञ्चालन तथा रणनीतिक बैठकहरू भइरहेकाले उद्धार तथा राहत कार्यमा आवश्यक समन्वय भइरहेको उनले बताएका छन्।
बाढीपछि एकातिर उद्धार तथा राहतका लागि ठूलो मात्रामा आर्थिक सहयोग जुटिरहेको छ भने अर्कोतर्फ विस्थापित परिवारलाई सुरक्षित र व्यवस्थित रूपमा पुनःस्थापना गर्ने चुनौती सरकारसामु खडा भएको छ । तत्कालीन राहतसँगै जोखिमपूर्ण बस्तीको पहिचान, सुरक्षित स्थानमा स्थानान्तरण र आवश्यक पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने अवस्था देखिएको छ।
राहत कोषमा ८ अर्बभन्दा बढी रकम जुटिसकेको अवस्थामा अब उक्त रकमको पारदर्शी, प्रभावकारी र लक्षित परिचालन तथा बाढीपीडितको दीर्घकालीन पुनःस्थापना नै सरकारका लागि मुख्य परीक्षा बनेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन